# स्थानीय राजपत्र

## सरुमारानी गाउँपालिकाद्धारा प्रकाशित

**खण्डः ८, संख्याः ५, असार ६ गते, २०८१ साल**


## भाग-२

## सरुमारानी गाउँपालिका

## उत्पादनमा आधारित अनुदान कार्यक्रम संचालन कार्यविधि २०८१

स्वीकृत मितिः २०८१।३।५

प्रमाणिकरण मितिः२०८१।३।६

**पृष्ठभूमीः**

सरुमारानी गाउँपालिकावाट चालु आ.व.२०८०/०८१ देखि कृषि तथा पशुपन्छीजन्य पदार्थको उत्पादन बृद्धि गर्न, त्यसको गुणस्तर कायम राख्न, प्रशोधन गरी वजारीकरण गर्न आवश्यक पर्ने लगानीहरुमा मात्र अथवा उत्पादनमा आधारित अनुदान सहायता उपलब्ध गराउने लक्ष्य रहेको छ। कृषि तथा पशुपन्छी ऐन, २०७९ को दफा ३१ (३) मा स्थानीय कृषि वस्तु तथा पशुपन्छीजन्य उत्पादनमा उल्लेखनीय योगदान गर्ने किसानलाई निश्चित् परिमाणको कृषि वस्तु तथा पशुपन्छी उत्पादन पश्चात् अनुदान प्रदान गर्ने गरी उत्पादनमा आधारित अनुदान कार्यक्रम सञ्चालन गर्न सकिने ब्यबस्था रहेको छ।

कृषकहरुको मागको आधारमा व्यवसाय दिगो बनाउन र व्यवसायिक कृषकहरुलाई थप प्रोत्साहित गर्न उत्पादित कृषि तथा पशुपन्छीजन्य उत्पादनको परिमाण, गुणस्तर र बजारीकरणका आधारमा अनुदान प्रवाह गर्दा वास्तविक कृषकहरु लाभान्वित हुने र संस्थागत बजारीकरणको माध्यमबाट उत्पादित वस्तुहरु बिक्रि हुने निश्चित भएकाले कृषकहरु उत्पादन वृद्धि गर्न उत्साहित हुने, व्यवसाय दिगो र व्यवसायिकरण तर्फ उन्मुख हुने सोचले उत्पादनमा आधारित अनुदान कार्यक्रमलाई प्राथमिकतामा राखिएको हो।कृषि तथा पशुपन्छीजन्य उत्पादन बिक्रि वितरण गर्ने सहकारी संस्था वा आधिकारीक बिक्रेता मार्फत कृषि तथा पशुपन्छीजन्य उत्पादन विक्रि गर्ने कृषकहरुलाई उत्पादनको परिमाणको आधारमा रहि अनुदान उपलब्ध गराउन आवश्यक देखिएकाले सरुमारानी गाउँपालिकाले कृषि तथा पशुपन्छीजन्य उत्पादन बजारीकरणका लागि उत्पादनमा आधारित अनुदान कार्यक्रमलाई व्यवस्थित, सरल, सहज र पारदर्शी रुपमा स्थापना र संचालन गर्न आवश्यक भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी कार्यविधि तयार गरिएको छ।

## १) संक्षिप्त नाम र प्रारम्भः

१. यो कार्यविधि को नाम **"उत्पादनमा आधारित अनुदान कार्यक्रम संचालन कार्यविधि २०८१ "** रहेको छ।

२. यो कार्यविधि सरुमारानी गाउँपालिकाको राजपत्रमा प्रकाशित भएको मिति देखि लागू हुनेछ।

## २) परिभाषाः

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

१. "कृषक" भन्नाले सरुमारानी गाउँपालिकाको क्षेत्र भित्र कृषि तथा पशुपन्छी पालन गर्ने व्यक्तिलाई सम्झनु पर्दछ।
२. "कृषि" भन्नाले अनुसूची (१) मा उल्लेख भए बमोजिमका बालीबस्तुलाई सम्झनु पर्दछ र सो शब्दले व्यवसायिक कृषिलाई समेत जनाउँछ।
३. "पशुपन्छी" भन्नाले सबै प्रकारका घरपालुवा पशुपन्छी र माछा समेतलाई सम्झनु पर्दछ।
४. "उत्पादन" भन्नाले कृषकले उत्पादन गरेका कृषि तथा पशुपन्छीजन्य उत्पादनलाई सम्झनु पर्दछ।
५. "उत्पादनमा आधारित अनुदान" भन्नाले कृषकहरु स्वयंमले वा कुनै संघ/संस्थाको पहलमा कृषि तथा पशुपन्छीपालन व्यवसाय गरी उत्पादन भएको वालीवस्तुहरुलाई व्यवस्थित तरिकाले तोकिएको बिक्रि केन्द्र मार्फत बिक्रि गरे पश्चात प्राप्त गर्ने अनुदान रकमलाई सम्झनु पर्दछ।
६. "बिक्रि केन्द्र" भन्नाले कृषि सम्बन्धी कारोबार गर्ने सहकारी संस्थाले संचालन गरेको वा आधिकारिक बिक्रेता सम्झनु पर्दछ।
७. "अनुदान सिमा" भन्नाले अनुसूची (२) मा उल्लेख भए बमोजिमका बालीबस्तुमा प्रदान गरिने अनुदान रकमलाई सम्झनु पर्दछ।
८. "अनुदानग्राही" भन्नाले यस कार्यविधि बमोजिम छनौट भएका कृषि/पशुपन्छी/ मत्स्यपालन संग सम्बन्धी त कृषक/कृषक समुह/सहकारी/उद्योगलाई सम्झनु पर्दछ।
९. "प्रस्ताव" भन्नाले यस कार्यक्रम संचालन गर्न कार्यालयले सूचना प्रकाशन पश्चात कृषक/कृषि फर्म/कृषक समूह/सहकारीले कार्यक्रममा सहभागी हुनका लागि पेश गर्ने निवेदन सम्झनु पर्दछ।
१०. "कृषि विकास शाखा" भन्नाले सरुमारानी गाउँपालिकाको कृषि विकास शाखालाई सम्झनु पर्दछ।
११. "पशु सेवा शाखा" भन्नाले सरुमारानी गाउँपालिकाको पशु सेवा शाखालाई सम्झनु पर्दछ।
१२. "कार्यालयभन्नाले सरुमारानी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ।
१३. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले सरुमारानी गाउँपालिका गाउँकार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।
१४. "उपाध्यक्ष" भन्नाले सरुमारानी गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ।
१५. "अध्यक्ष" भन्नाले सरुमारानी गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ।
१६. "कार्यपालिका" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम गठित कार्यपालिकालाई सम्झनु पर्दछ।
१७. "गाउँपालिका" भन्नाले सरुमारानी गाउँपालिकालाई सम्झनु पर्दछ।

## ३) उदेश्यः

१. अनुदान वितरण नीतिलाई प्रकृयामूखिबाट परिमाणमूखी तर्फ लैजाने।

२. कृषि तथा पशुपन्छी जन्य उत्पादनका आधारमा कृषकलाई अनुदान दिने भनि स्वीकृत गरेका कृषिजन्य पदार्थहरुको क्षेत्रलाई प्रतिस्पर्धात्मक बनाई सो व्यवसायलाई प्रतिष्ठित एवम् दिगो व्यवसाय बनाउन प्रोत्साहित गर्ने।

३. अनुदानको सहि तथा प्रभावकारी रुपमा वितरण, उपयोग र सदुपयोग गर्ने।

४. साना कृषकहरुलाई प्रोत्साहित गर्दै क्रमशः व्यवसायिक रुपमा स्थापित गर्ने र गाउँपालिकामा उत्पादन भएका कृषि तथा पशुपन्छी जन्य पदार्थहरुलाई व्यवस्थित रुपमा बजारीकरण गर्ने।

५. गाउँपालिकाको प्रतिवद्धता अनुरुप कृषि तथा पशुपन्छी जन्य उत्पादनमा आत्मनिर्भर भई निर्यात प्रवर्द्धन गर्न।

**४) कार्य संचालन प्रकृयाः** सरुमारानी गाउँपालिकाले कृषकहरुले उत्पादन गरेका कृषि तथा पशुपन्छी जन्य उत्पादनलाई व्यवस्थित रुपमा बिक्रि गर्ने व्यवस्था मिलाई कृषकहरुको व्यवसायलाई थप मर्यादित र व्यवस्थित गराउनका लागि यस किसिमको अनुदान प्रणालीको सुरुवात गरिएको हो।यी कार्यक्रमहरु संचालन गर्दा तपसिलका प्रकृयाहरु पुरा गरी कार्यक्रम  संचालन गरिनेछ।

१. यस कार्यक्रम संचालनको लागि गाउँपालिकाले प्रस्ताव आव्हान सम्बन्धी अनुसूची -३ बमोजिमको १५ दिने सूचना प्रकाशन गर्नेछ।

२. सूचना अवधि भित्र इच्छुक कृषि तथा पशुपन्छी जन्य उत्पादन बिक्रि वितरण गर्ने सहकारी संस्था/ आधिकारिक बिक्रेताहरुले तपसिलका कागजात सहित सम्बन्धीत शाखामा प्रस्ताव पेश गर्नुपर्नेछ।

- अनुसूची -४ बमोजिमको निवेदन
- उत्पादक कृषकहरुको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि
- सम्बन्धीत वडा कार्यालयको सिफारिस पत्र
- कृषि तथा पशुपन्छी जन्य उत्पादन बिक्रि वितरण गर्ने सहकारी/आधिकारिक बिक्रेताको दर्ता प्रमाणपत्रको प्रतिलिपि/कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि
- सहकारी/आधिकारिक बिक्रेताले उत्पादक कृषकसँग बैठक बसी प्रस्ताव पेश गर्ने निर्णय गरेको निर्णय प्रतिलिपि
- उत्पादक कृषकहरु सँग कृषि तथा पशुपन्छी जन्य उत्पादन खरिद गरेको बिल र सहकारी/आधिकारिक बिक्रेताले बिक्रि गरेको बिल सहित अभिलेख प्रमाणित प्रतिलिपि

३. सम्बन्धीत शाखामा पेश भएका प्रस्तावहरुको शाखाले स्थलगत अनुगमन गरी प्रतिवेदन मूल्यांकन समितिमा पेश गर्नुपर्नेछ।

४. मूल्यांकन  समितिले रितपूर्वक पेश गरेका सहकारी/आधिकारिक बिक्रेताहरुको आवेदन/प्रस्ताव तथा स्थलगत प्राविधिक अनुगमन प्रतिवेदनको अध्ययन तथा मूल्याङकन गर्नका लागि तपसिल अनुसारको मूल्याङकन समिति रहनेछ।

<u>तपसिल</u>

- गाउँपालिका उपाध्यक्ष - संयोजक
- प्रमुख प्रशासकिय अधिकृत - सदस्य
- आर्थिक विकास समितिका संयोजक - सदस्य

- कृषि विकास शाखा प्रमुख - सदस्य
- पशु सेवा शाखा प्रमुख - सदस्य-सचिव

५. मूल्याङ्कन समितिमा पेश भएका आवेदन/प्रस्तावहरुको मूल्याङ्कन समितिले मूल्याङ्कन गरी अनुमोदनका लागि कार्यपालिकामा पेश गर्नुपर्नेछ।

६. कार्यपालिकाको निर्णयबाट स्वीकृत भएका प्रस्तावहरुलाई सम्झौताको लागि सूचना प्रकाशन गर्ने।

७. छनौट भएका प्रस्तावहरुलाई तोकिएको समयमा सम्झौता गरी अनुदान रकम प्रस्तावकको बैंक खातामा रकम भुक्तानी गर्नेछ र भुक्तानी लिएका सहकारी/आधिकारिक बिक्रेताले उत्पादक कृषकहरुको खातामा रकम भुक्तानी गरेको विवरण ७ दिन भित्र कार्यालय पेश गर्नुपर्नेछ।

## ५) सहकारी/आधिकारिक बिक्रेताको मापदण्डः

१. सहकारी/आधिकारिक बिक्रेताले सरुमारानी गाउँपालिकाको क्षेत्र भित्र उत्पादन भएका कृषि तथा पशुपन्छी जन्य कृषकहरुको उत्पादन वार्षिक रुपमा खरिद गर्ने गरी सम्झौता गर्नुपर्नेछ।

२. मासिक कम्तीमा १५०० लिटर, वार्षिक कम्तिमा ३०० दिन सम्म दुधको कारोवार गर्ने गरेको हुनुपर्नेछ।खसी बोकाको कारोबार बार्षिक कम्तिमा ५० वटा खसी बोकाको कारोबार गरेको र किसानले बिक्रि गर्न चाहेको बखत त्यसको ब्यवस्थापन गरिदिन सक्ने हुनु पर्नेछ।खसीबोका बिक्रि गर्दा सम्बन्धित शाखाको रोहबरमा बिक्रि गर्ने व्यवस्था मिलाउनु पर्ने छ।

३. दैनिक संकलित कृषि तथा पशुपन्छी जन्य पदार्थ सहकारी संस्था आफैले प्रशोधन गरी वा उद्योगलाई बिक्रि गरी कृषि तथा पशुपन्छी जन्य पदार्थको बेचविखनको प्रबन्ध गरेको हुनुपर्नेछ। कृषि तथा पशुपन्छी जन्य पदार्थ सहकारी/आधिकारिक बिक्रेताले किसान सँग खरिद गरी फुटकर तथा थोक ब्यापारी सँग बिक्रि गर्ने भरपर्दो माध्यम स्थापित गरेको हुनु पर्नेछ।

४. नियमित रुपमा वार्षिक साधारण सभा र लेखा परिक्षण गरेको हुनुपर्नेछ।

५. स्थायी लेखा नम्वर प्राप्त गरी कर चुक्ता गरेको हुनुपर्नेछ।

६. आफ्नै चिलिङ सेन्टर भएकालाई पहिलो प्राथमिकता दिईनेछ।

७. जिल्ला स्थित सम्बन्धी त कार्यालयसंग र सरुमारानी गाउँपालिका सँग समन्वय र सहकार्य गरेको हुनुपर्नेछ।

८. विगतका दिनहरुमा कृषि तथा पशुपन्छी जन्य पदार्थको कारोवार गरेको अभिलेख राखेकालाई पहिलो प्राथमिकता दिईनेछ।

९. सहकारीमा आवद्ध सबै कृषकहरुले बालीबस्तुहरुमा कृषि तथा पशुपन्छी विमा गरेकालाई प्राथमिकता दिईनेछ।

१०. सहकारी/आधिकारिक बिक्रेताले बार्षिक रुपमा बेचेको विवरण अनुसार किसानले रकम बुझेको भरपाई वा विवरण खुलेको हुनु पर्नेछ।

११. सहकारी/आधिकारिक बिक्रेताहरुले तोकिएको मापदण्ड पूरा गरी दुध खसी बोका तथा कृषि उत्पादन ल्याउने कृषकहरुको विवरण मासिक त्रैमासिक र वार्षिक रुपमा कार्यालयमा पेश गर्नुपर्नेछ।

१२. खरिद बिक्री मूल्यको अन्तर २०% सम्म हुनेछ साथै आवश्यकता अनुसार खरिद र बिक्री मूल्य निर्धारण यसै समितिले गर्नेछ।

१३. सरुमारानी गाउँपालिकाले कृषि तथा पशुपन्छी जन्य पदार्थ संकलन गरी विक्री गर्ने सहकारी संस्थाको समय-समयमा अभिलेख, व्यवस्थापन, गुणस्तरको अनुगमन निरीक्षण गर्नेछ। झुट्टा विवरण राखी पेश गर्ने सहकारी/आधिकारिक बिक्रेतालाई ५० प्रतिशत जरिवाना गर्न सकिनेछ।

## ६) दुध उत्पादन गर्ने कृषकले पालना गर्नुपर्ने मापदण्डः

१. दुध शुद्ध र सफा  हुनुपर्नेछ।

२. नेपाल सरकारले तोकेको मापदण्ड अनुसार दुधको गुणस्तर कायम भएको हुनुपर्नेछ।

३. कम्तिमा वार्षिक २०० लिटर दुध उत्पादन गर्ने कृषकलाई उत्पादनमा आधारित अनुदान कार्यक्रममा सहभागी गराउन सकिनेछ।

४. आन्तरिक परिजिवी विरुद्ध औषधी खुवाएका पशुहरुको २४ घण्टा भित्रको दुध बिक्री नगर्ने र घरमा समेत प्रयोग नगर्ने गरी व्यवस्था मिलाउनु पर्नेछ।

५. दुध ढुवानी गर्ने क्यान तथा भाडाहरुको नियमित रुपमा सरसफाई गर्नुपर्नेछ।

६. बिरामी वा उपचार भई रहेको पशुको दुध पुर्णरुपमा निको नभए सम्म लिन पाईनेछैन।

७. पशुहरुको अनिवार्य बिमा गर्नुपर्नेछ।

## ७) खसी बोका उत्पादन गर्ने कृषकले पालना गर्नुपर्ने मापदण्डः

१. बिक्री गर्न लिएका खसी बोका स्वस्थ हुनु पर्नेछ।

२. आन्तरिक परिजिवी विरुद्ध औषधी खुवाएका खसीबोकाहरु १४ दिन पछि मात्र मासुको लागि बिक्रि गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

३. बिरामी वा उपचार भई रहेको खसीबोका पुर्ण रुपमा निको नभए सम्म मासुको लागि बिक्री गर्न पाईनेछैन।

४. कम्तीमा वार्षिक रुपमा ७५ के.जी. जिउँदो शारीरिक तौल सम्मका खसीबोकाहरु उत्पादन गरी सहकारी/आधिकारिक बिक्रेता मार्फत बिक्री गर्ने कृषकलाई उत्पादनमा आधारित अनुदान कार्यक्रममा सहभागी गराउन सकिनेछ।

## ८) अनुदान रकम भुक्तानी सम्बन्धी व्यवस्थाः

कार्यविधिले तोके बमोजिम मापदण्ड पूरा गरेका कृषकहरुको सहकारीले राखेको विवरण अनुसार चालु आ.व. मा बिक्री गरेको किसानले सरुमारानी गाउँपालिकाको प्रस्ताव पेश गर्ने सुचना अनुसार सहकारीले पेश गरेको प्रस्तावको आधारमा गाउँपालिकाले यस कार्यविधिले तोके बमोजिमको सम्पूर्ण प्रकियाहरु पुरा गरी अनुदान रकम सरुमारानी गाउँपालिका मार्फत सहकारी/आधिकारिक बिक्रेताको खातामा रकम भुक्तानी गर्नेछ उक्त रकम सहकारीले किसानको बैंक खातामा रकम जम्मा गरी सोको प्रमाण पेश गर्नु

पर्नेछ यस्तो रकम आ.व.को अन्तिममा १ पटक प्रदान गरिने छ।कृषि तथा पशुपन्छी जन्य उत्पादन बिक्री गरे वाफतको रकम अनुसूची -२ मा उल्लेख भए अनुसार भुक्तानी गरिनेछ।

९) **थपघट वा हेरफेर गर्न सक्नेः**

१. यो कार्यविधि को कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी वनाउन सरुमारानी गाउँपालिकाले आवश्यकता अनुसार यस कार्यविधि मा थपघट हेरफेर तथा खारेज गर्न सक्नेछ।

२. यस कार्यविधि को कार्यान्वयनमा कुनै वाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि गाउँकार्यपालिकाले आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ।

## अनुसूची - १

दफा -२ को (उपदफा २) संग सम्बन्धीत

१. खाद्यान्न बाली,
२. बागबानी जन्य, फलफूल, तरकारी, नगदे बाली, मसला बाली, पुष्प खेती
३. च्याउ
४. मौरी, रेशम खेती
५. कफी,अलैंची,सुपारी
६. तेलहन, दलहन
७. उखु, टिमुर
८. कृषि पर्यटन
९. कृषि संग सम्बद्ध र सो शब्दले औद्योगिक प्रयोजन हुने कृषिबस्तु
१०. कृषि,पशुपन्छी तथा मत्स्य उत्पादनको प्रशोधन उद्योग
११. कृषि तथा पशुपन्छी उत्पादन सामग्री (दाना, विषादी, औषधी) आदिको प्रशोधन उद्योग
१२. खेती प्रणालीमा समाविष्ट कृषि तथा पशुपन्छी जन्य वस्तुहरु

## अनुसूची : २

उत्पादनमा आधारित अनुदान कार्यक्रम अन्तर्गत कृषि तथा पशुपन्छीजन्य उत्पादनमा प्रदान गरिने अनुदान सिमाको मापदण्ड :

| क्र.स. | वालीवस्तुको विवरण | वार्षिक रुपमा न्यूनतम उत्पादन गर्नुपर्ने परिमाण | अनुदान रकम रु. (अधिकतम) | कैफियत |
|---|---|---|---|---|
| १. | दुध | २०० लि. | प्रति लिटर दुधमा रु.१०/- | |
| २. | खसीबोका | ७५ के.जी.(जिउँदो शारीरिक तौल) | प्रति के.जी. तौलमा रु. २५/- | |
| ३. | अन्डा | १००००० गोटा | प्रति अन्डा रु.०.२५/- | लेयर्स कुखुराको हकमा |
| ४. | अन्डा | २८०० गोटा | प्रति अन्डा रु. २/- | लोकल कुखुराको हकमा |
| ५. | मह | ५० के.जी. | प्रति के.जी. रु.२५/- | |
| ६. | अदुवा | ३०० के.जी. | प्रति के.जी. रु. ५/- | |

| | | | | |
|---|---|---|---|---|
| ७. | सुठो | ५० के.जी. | प्रति के.जी. रु.३५/- | |
| ८. | झिलिंगे | ४० के.जी. | प्रति के.जी. रु.१०/- | |
| ९. | फापर | ४० के.जी. | प्रति के.जी. रु.१०/- | |
| १०. | कोदो | ५० के.जी. | प्रति के.जी. रु.१०/- | |
| ११. | बेसार | ३०० के.जी. | प्रति के.जी. रु. ५/- | |
| १२. | गोलभेडा | २०० के.जी. | प्रति के.जी. रु. ५/- | |
| १३. | गहत | ४० के.जी. | प्रति के.जी. रु.१०/- | |
| १४. | काक्रो | २०० के.जी. | प्रति के.जी. रु. ५/- | |

## अनुसूची -३

उत्पादनमा आधारित अनुदान कार्यक्रमको प्रस्ताव आव्हान सम्बन्धी सूचना ढाँचा

सरुमारानी गाउँपालिकाको आ.व.................... को वार्षिक स्वीकृत उत्पादनमा आधारित अनुदान कार्यक्रम अनुसार तपसिलका कृषि तथा पशुपन्छी जन्य उत्पादन गर्ने कृषकहरुलाई अनुदान/प्रोत्साहन गर्ने कार्यक्रम रहेकाले सरुमारानी गाउँपालिका सँग सम्झौता गरी वार्षिक रुपमा कृषकको उत्पादन खरिद बिक्री गर्ने सहकारी/आधिकारिक बिक्रेताले सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र (मिति............................) सूचनामा उल्लेख भए बमोजिमका कागजातहरु सहितको आवेदन यस कार्यालयमा दिनुहुन सम्बन्धी त सबैको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिलः

| सि.न. | वालीवस्तुको विवरण | वार्षिक रुपमा न्यूनतम उत्पादन गर्नुपर्ने परिमाण | अनुदान रकम रु. | कै. |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

**आवश्यक कागजातहरु :**

- अनुसूची -४ बमोजिमको निवेदन
- नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि (आधिकारिक बिक्रेताको हकमा)
- सम्बन्धी त वडा कार्यालयको सिफारिस पत्र
- कृषि तथा पशुपन्छी जन्य उत्पादन बिक्रि वितरण गर्ने सहकारी/आधिकारिक बिक्रेताको दर्ता प्रमाणपत्र र कर चुक्ताको प्रतिलिपि
- सहकारी/आधिकारिक बिक्रेताले उत्पादक कृषकको उपस्थितिमा बैठक बसी प्रस्ताव पेश गर्ने निर्णय प्रतिलिपि
- उत्पादक कृषकहरु सँग कृषि तथा पशुपन्छी जन्य उत्पादन खरिद गरेको बिल र सहकारी/आधिकारिक बिक्रेताले बिक्रि गरेको बिल सहित अभिलेख प्रमाणित प्रतिलिपि

**अनुसूची -४**

**उत्पादनमा आधारित अनुदान कार्यक्रममा पेश गर्ने आवेदन पत्रको ढाँचा :**

मितिः..................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू
सरुमारानी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय
बङ्गाँडा, प्यूठान ।

**बिषयः** उत्पादनमा आधारित अनुदान कार्यक्रममा सहभागी हुने सम्बन्धमा।

प्रस्तुत बिषयमा मिति .............................. मा तहाँ कार्यालयबाट प्रकाशित सूचना अनुसार यस ..............सहकारी/बिक्रेताले कृषि तथा पशुपन्छी जन्य उत्पादनको खरिद बिक्री सम्बन्धी कार्य गर्दै आएकाले उत्पादनमा आधारित अनुदान कार्यक्रममा समावेश हुने चाहना भएकोले सो प्रयोजनका लागि आवश्यक कागजातहरु सहित यो निवेदन पेश गरेको छु/छौं।

**तपसिल :**

१) कूल सदस्य संख्याः
२) गत बर्ष कूल दुध संकलन लि. औषत लि. मासिक लि.
३) संकलित दुध विक्री गर्ने संस्थाको नाम र ठेगानाः
४) मिल्क एनालाईजर प्रयोग भएको/नभएकोः
५) वार्षिक साधारण सभा भएको/नभएकोः
६) वार्षिक साधारण सभा भएको भए गत बर्षको प्रमाणः
७) जम्मा संकलन केन्द्र संख्याः
८) रेकर्ड राखेको/नराखेकोः
९) दुधको गुणस्तर परिक्षण गरी रेकर्ड राख्ने गरेको/नगरेकोः
१०) आफ्नो चिलिङ सेन्टर भएको/नभएकोः
११) दुध विविधिकरण र विक्री वितरण गरेको/नगरेकोः
१२) सहकारी/आधिकारिक बिक्रेता दर्ता नविकरणको प्रमाणः
१३) कुनै प्रकारको कारवाहीमा नपरेको स्वघोषणाः
१४ .......................को जम्मा कारोबार के.जी. ......अनुदान योग्य के.जी ..........लाभाम्वित परिवार
१५) कृषि तथा पशुपन्छी जन्य उत्पादन बिक्रि गर्ने ब्यापारी संग गरेको सम्झौता पत्रः
१६) किसानले रकम बुझिलिएको भरपाईः
१७) करचुक्ता प्रमाण पत्रः

## अनुसूची : ५

### कार्यक्रम संचालनका लागि संस्थाको छनौट गर्दा अपनाईने मूल्याङ्कनका आधारहरु (दुध उत्पादनको लागि)

| सि.नं. | दर्ता नं. | आबेदक संस्थाको नाम | ठेगाना | मिल्क एनालाईजरको प्रयोग (२५) | दुग्ध उत्पादक कृषक सदस्य संख्या (२५) | दैनिक दुध संकलन र प्रशोधन गरेको परिमाण लि (२५) | सरसफाई र अभिलेख व्यवस्थापन (२५) | कूल प्राप्ताङ्क (१००) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

१. ५० जना सम्म सदस्य संख्या हुने संस्थालाई २० अंक र ५० भन्दा माथि सदस्य संख्या हुने संस्थालाई २५ अंक प्रदान गर्नुपर्नेछ ।

२. दैनिक ५० लि. सम्म दुध संकलन गर्ने सहकारीलाई २० अंक र सो भन्दा माथि दुध संकलन गर्ने सहकारी संस्थालाई २५ अंक प्रदान गर्नुपर्नेछ ।

३. अभिलेख ब्यवस्थापन गरेमा २५ नगरे यस बापतको अंक प्रदान गरिने छैन।

४. मिल्क एनलाईजरको प्रयोग भएकोमा २५ अंक र नगरेमा अंक प्रदान गरिने छैन ।

### खसी, बोका र अन्डा उत्पादनका लागि

| सि. नं. | दर्ता नं. | आबेदक संस्था को नाम | ठेगाना | तौल मेसिनको प्रयोग/भण्डारण कक्ष (२५) | उत्पादक कृषक सदस्य संख्या (२५) | नियमित मासिक खरिद बिक्री गरेमा (२५) | अभिलेख व्यवस्थापन (२५) | कूल प्राप्ताङ्क (१०० ) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

१. ५० जना सम्म सदस्य संख्या हुने संस्थालाई २० अंक र ५० भन्दा माथि सदस्य संख्या हुने संस्थालाई २५ अंक प्रदान गर्नुपर्नेछ।

२. बार्षिक ५००० के.जी. सम्म उत्पादन कारोबार गर्ने सहकारीलाई २० अंक र सो भन्दा माथि कारोबार भएमा सहकारी संस्थालाई २५ अंक प्रदान गर्नुपर्नेछ।

३. खरिद बिक्रीको रेकर्ड राखेको सहकारीलाई २५अंक र  नराखेमा यस बापतको अंक प्रदान गरिने छैन।

४. मासिक नियमित खरिद विकि गर्ने सहकारीका लागि २५ अंक प्रदान गरिने छ।

**५. मूल्याङ्कन समितिका पदाधिकारीहरुको:**

क.सं. नाम थर पद

कार्यालय/ठेगाना दस्तखत

१.
२.
३.
४.

**अनुसूची: ६**

**द्विपक्षीय सम्झौता पत्रको ढाँचा :**

सरुमारानी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बङ्गाँडा, प्यूठान यस पछि प्रथम पक्ष भनिने र कृषि तथा पशुपन्छीजन्य उत्पादन बिक्री गर्ने सहकारी/बिक्रेता यस पछि दोश्रो पक्ष भनिने बीच कृषि तथा पशुपन्छी जन्य उत्पादन र बजारीकरणका आधारमा अनुदान कार्यक्रममा तपसिलका शर्तहरु पालना गर्ने/गराउने गरी यो द्विपक्षीय सम्झौता गरिएको छ।

१) यो सम्झौता भएको मिति ........................... देखि लागु हुनेछ।

२) दोश्रो पक्षले आफ्नो संस्थामा आवद्व सदस्य कृषकहरुलाई नियमित रुपमा पशुपन्छीको खोप लगाउने, परजिवी नियन्त्रण गर्ने, थुनोलो रोग लगायत अन्य रोग लागेको र औषधी उपचार गरिरहेको अवस्थाको अखाद्य विक्री वितरणमा रोक लगाउने, गाई भैंसीको गोठमा जैविक सुरक्षाको व्यवस्था मिलाउने, तोकिए अनुसारको सफा दुधको उत्पादन ढुवानी लगायतमा गुणस्तर फ्याट एस.एन.एफ.र अन्य मापदण्ड पुरा गर्न लगाउने, सुधारिएको गोठको व्यवस्था मिलाउने लगायतका कार्यहरु गराउनु पर्नेछ ।भने खसी बोका र बाख्रा आदीको ढुवानी मापदण्ड अनुसार गर्नु पर्नेछ।

३) दोश्रो पक्षले उत्पादन स्थल देखि आफुले विक्री गर्ने स्थान सम्म सफा स्वस्थ्य र गुणस्तर युक्त दुधको कारोवारको पूर्ण रुपमा व्यवस्थापन गर्नुपर्नेछ।

४) दोश्रो पक्षले आफ्नो संस्थामा आवद्व भएका कृषकहरुलाई छनौटको मापदण्ड वनाई मापदण्ड पुरा गरेको कृषकहरुलाई अनुदानका लागि प्रथम पक्ष समक्ष पेश गर्नुपर्नेछ। यसरी प्रथम पक्ष समक्ष पेश भएका कृषकहरुको विवरण अनुसार उत्पादनमा आधारित अनुदान तोकिए बमोजिमको अनुदान रकम कृषकको बैंक खातामा वार्षिक रुपमा भुक्तानी गर्नेछ।

५) दोश्रो पक्षले यो सम्झौता ब मोजिमको कार्य नगरेमा वा उपलब्ध श्रोत/साधनको दुरुपयोग गरेमा प्रथम पक्षले जुनसुकै समयमा एकतर्फि रुपमा सम्झौता भंग गर्न सक्नेछ।

६) यस सम्झौतामा उल्लेख भए वाहेकका विषयमा प्रचलित कानून वमोजिम हुनेछ।

माथि उल्लेखित शर्तहरु पालन गर्न गराउन मञ्जुर भई यो सम्झौतामा दस्तखत गर्दछौं।

| **दोश्रो पक्ष** | **प्रथम पक्ष** |
|---|---|
| दस्तखत : | दस्तखत : |

| | |
|---|---|
| नाम : | नाम : |
| पद : | पद : प्रमुख प्रशासकीय अधिकृत |
| संस्था : | कार्यालय : सरुमारानी गाउँपालिका |
| **<u>रोहवरमा</u>** | **<u>रोहवरमा</u>** |
| दस्तखत : | दस्तखत : |
| नाम : | नाम : |
| पद | पद : शाखा प्रमुख |
| संस्थाः | कार्यालय : |

ईति सम्वत्   साल   महिना   गते   रोज मा शुभम् ।

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत
प्रमाणिकरण मितिः २०८१।३।६